# पोखरा विश्वविद्यालय
# व्यवस्थापन अध्ययन संकाय
## डीनको कार्यालय
### पोखरा-३०, कास्की

चलानी नं.: २०८०/०८१

मिति: २०८०/०६/०१

**पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय स्नातकोत्तर तह (MBA/MHCM/MCIS) छात्रवृत्ति छनौट परीक्षामा सहभागी उम्मेदवारहरुको उत्तिर्ण सूचि (Pass List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय स्नातकोत्तर तह छात्रवृत्ति छनौट समिति २०८० बाट स्नातक तहको अन्तिम सेमेष्टर भन्दा अघिका सबै सेमेष्टर उत्तिर्ण भएका र अन्तिम सेमेष्टरको परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ अनुसार छनौट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०८०/०४/२६ गतेदेखि मिति २०८०/०५/२३ गतेसम्म अनलाइन दरखास्त फाराम भराई मिति २०८०/०५/२७ गते लिइएको **व्यवस्थापन संकाय स्नातकोत्तर तह (MBA/MHCM/MCIS)** को परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि **(Pass List)** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।र्ने र सोको जानकारी सम्बन्धित सबैलाई सूचना दिई गराउने निर्णय भयो । प्रकाशित उत्तिर्ण सूचिमा रहेको आफ्नो नतिजालाई सम्बन्धित उम्मेदवारहरुले पोखरा विश्वविद्यालयको Website (www.pu.edu.np) र Scholarship Portal **(scholarship.pu.edu.np)** मा गई हेर्नुपर्नेछ ।

नियम अनुसार समितिले अविलम्ब योग्यताक्रम (Merit List) समेत प्रकाशित गर्नुपर्ने भएको हुँदा आज प्रकाशित **उत्तिर्ण सूचि (Pass List)** मा समावेश भएका तर अनलाईन फाराम भर्दा स्नातकतह उत्तिर्ण भएको Transcript र Character Certificate नबुझाएका उम्मेदवारहरुले ढिलोमा मिति २०८०/०६/२० गतेसम्ममा अनलाईन मार्फत अनिवार्य उक्त डकुमेन्ट बुझाउनु हुन समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ । स्नातक तह उत्तिर्ण भएको Transcript र Character Certificate तोकिएको समयभित्र नबुझाउने उम्मेदवारहरुलाई प्रकाशित गरिने योग्यताक्रम (Merit List) मा समावेश गरिने छैन

उम्मेदवारहरुले Transcript र Character Certificate अनलाईन मार्फत पेश गर्दा Scholarship Portal मा गई आफ्नो Gmail र Password लगईन गरी Dashboard खोल्ने र Scholarship Profile मा गई **Bachelor Education Information** मा गएर Result Status मा Pending लाई Passed गरी अपडेट गर्नुपर्नेछ ।

आज प्रकाशित उत्तिर्ण सूचि **(Pass List)** मा समावेश भएका उम्मेदवारहरुको सूचि सम्बन्धित उम्मेदवारहरुले भरेको र पेश गरेको कागजातहरुको आधारमा प्रकाशित गरिएको हुदा आफुले अनलाइन फाराम भर्दा उल्लेख गरेको विवरण र पेश गरेको कागजातहरुको आधारमा उत्तिर्ण सूचिमा रहेको आफ्नो नाम, ठेगाना, छात्रवृत्ति कोटा र स्कूल टाइपमा फरक पर्न गएको भए निवेदन लेखि **fmsadmin@pu.edu.np** मा मिति २०८०/०६/०३ गतेसम्म ईमेल पठाई जानकारी दिन समेत जानकारी गराईन्छ । उम्मेदवारहरुले निवेदन दिदा आफ्नो **नाम, संकाय, रोल नं., प्राप्त स्कोर र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्नेछ । अन्यथा प्राप्त निवेदन उपर कुनै कारवाही गरिने छैन ।

रोशन पाण्डे
सदस्य
स्नातकोत्तर तह छात्रवृत्ति छनौट समिति, २०८०